# बैठक नं.९५

आज मिति २०७८ असार ०१ गते मंगलबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, का.वा अध्यक्ष वडा न. ७ | श्री भुना परियार | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

आगामी आ.व २०७८/०७९ को वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमहरु नगरसभामा पेश गर्नका लागि यस नगरपालिकाको नवौं नगर सभाको पहिलो बैठक यही मिति २०७८ असार १० गते बस्ने निर्णय गरियो ।

निर्णय नं.२

चालु आ.व.२०७७/०७८ को लागि यस नगरपालिकाको सिफारिस र मालपोत कार्यालय, कलंकीको कार्यक्षेत्रमा रजिष्ट्रेशन हुने लिखतमा मुल्य निर्धारण गर्न गठित न्युनतम मुल्य निर्धारण समितिबाट निर्धारण गरेको घर जग्गाको न्युनतम मुल्याङ्कन आगामी आ.व २०७८/०७९ मा पनि यथावत राख्ने निर्णय गरियो ।

## निर्णय नं.३

यस कीर्तिपुर नगरपालिका, वडा नं -७ का वडा अध्यक्ष श्री राजकुमार मालीज्यूको मिति २०७७ साल चैत्र २९ गते आईतबारका दिन उपचारका क्रममा अल्पायुमै असमायिक निधन भएकोले रिक्त रहेको वडा अध्यक्ष पदमा कार्यबाहक वडा अध्यक्ष भई जिम्मेवरी वहन गर्ने कार्यबाहक वडा अध्यक्षलाई जिम्मेवारी तोकीएकै मितिबाट वडा अध्यक्षले पाउने सम्पुर्ण सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।